कम्पनी ऐन, २०६३, अर्न्तगत संस्थापित र संचालित एंव बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार वित्तीय व्यवसाय गर्न अनुमति प्राप्त

नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजत प्राप्त संस्था

प्रभु बैंक लिमिटेड

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

बबरमहल, काठमाण्डौं, नेपाल, फोन नं. : ०१–४७८८५००, फ्याक्स नं : ०१–४७८०५८८

Email:info@prabhubank.com, website: www.prabhubank.com

८ वर्ष अवधि तथा वार्षिक १० प्रतिशत ब्याजदर भएको "प्रभु बैंक डिबेन्चर २०८४" को

विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

आठ वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/– अंकित मूल्यका २०,००,००० कित्ता डिबेन्चरले हुन आउने कुल रु. २ अर्ब मध्ये ८ लाख कित्ता डिबेन्चर अर्थात कुल रु. ८० करोड ऋणपूँजी रकम (५% अर्थात ४०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब २० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

दरखास्त साथ प्रति डिबेन्चर रु. १०००/–को दरले (शत प्रतिशत) भुक्तानी माग गरिएको ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			चैत मसान्त २०७६ (अपरिष्कृत)	प्रक्षेपित		
	०७३/०७४	०७४/०७५	०७५/०७६		०७६/०७७	०७७/०७८	०७८/७९
प्रति शेयर आम्दानी रु.	२७.१७	१२.५८	२१.०३	१९.८९	२४.६०	२८.४९	३४.०८
प्रति शेयर नेटवर्थ रु.	१५८.९९	१५२.६६	१६१.०४	१५१.६९	१६३.२४	१९१.७३	२२५.८१
संचित नाफा/नोक्सन (रु. लाखमा)	१८,८२१	७,७३६	१५,२०९	७,९८२	१४,१३०	२८,०१०	४९,८३०

लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रका दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :

यस विवरण-पत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरण-पत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण-पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई CARE RATINGS NEPAL LIMITED ले Moderate Credit Risk जनाउने "CARE-NP BBB[Triple B]" ग्रेडिङ्ग मिति २०२०/०१/२९ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमानै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम रूपमा सुरक्षित मानिन्छ । जोखिमको दृष्टीमा यस्ता उपकरणहरु मध्यम कर्जा जोखिम भएको मानिन्छ । साथै यस बैंकलाई ICRA NEPAL LIMITED ले Moderate Credit Risk जनाउने "[ICRANP-IR] BBB" (pronounced ICRA NP Issuer Rating Triple B) ग्रेडिङ्ग मिति २०२०/०७/०७ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा मध्यम कर्जा जोखिम रहने संस्थाको रुपमा लिइन्छ ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति :२०७७/०३/३१
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७७/०४/०१
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७७/०४/०२
धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७७/०४/१९
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७७/०४/२३ निष्काशन बन्द हुने मिति (अन्तिम): २०७७/०५/०१

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रवन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको website : www.sebon.gov.np बाट समेत हेर्न सकिने छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

नक्साल, काठमाडौं, नेपाल: फोन नं.– ४४११६०४ फ्याक्स नं.– ९७७ -१-४४१०५५४

Email : info@nabilinvest.com.np, URL: www.nabilinvest.com.np

विवरण पत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

१. विवरण-पत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) "कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी प्रभु बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले प्रभु बैंक लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

झ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनुपर्दछ ।

२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट :www.nabilinvest.com.np
२.	प्रभु बैंक लिमिटेड, काठमाडौं र वेवसाइट : www.prabhubank.com

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान

सर्वसाधारणको हकमा :

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

व्यक्तिगत तवर (Private Placement) को हकमा :

डिबेन्चर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै डिबेन्चर खरिदको लागि तयार गरिएको विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

यस निष्काशन व्यक्तिगत तवरबाट पनि गरिने भएकोले बैंकका बिक्री प्रवन्धकले बैंकसँगको सहमतिमा खरिदकर्ताहरु खोजी गरी आपसि सहमतिमा वितरण गरिनेछ ।

१ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

२ संगठित संस्थाको उदघोषण :

क संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता वहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

ख संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीबारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले वहन गर्नुपर्नेछ ।

ग नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम पेश गर्नुपर्ने आ.ब. ०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.ब. सम्म कम्पनी अद्यावधिक रहेको छ ।

घ संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :

(क) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहनु भएको छैन ।
(ख) यस कम्पनीका संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(ङ) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहनु भएको छैन ।

३ संगठित संस्था सम्बन्धी जानकारी :

क. संगठित संस्थाको पृष्ठभूमि :

(अ) संस्थाको नाम : प्रभु बैंक लिमिटेड (Prabhu Bank Limited)

(आ) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो । साबिक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको प्रभु बैंक लिमिटेडले मिति २०७१ भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोवार गर्दै आएको छ । त्यस पश्चात नेपाल विकास बैक लि.लाई एक्विजिसन गर्दै साविक ग्राण्ड बैंक लि. लाई मिति २०७२ माघ १५ गते यस संस्थामा गाभि हाल सम्ममा २०८ वटा शाखा विस्तार, ४६ काउन्टर कार्यलय र १५५ ए.टि.एम. संचालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ ।

(इ) संस्थाको रजिष्टर्ड ठेगाना :

बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा., वडा नं. ११, बबरमहल, काठमाण्डौं रहेको छ ।

(ई) कारोवार गर्ने मुख्य स्थान :

यस बैंकको कारोबार गर्ने मुख्य स्थान का.म.न.पा वडा नं. ११ बबरमहल, काठमाण्डौमा रहेको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा कार्यालयहरु खोली नेपाल भर देहायका स्थानहरुबाट आफ्नो बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ । बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार भविष्यमा शाखाहरु विस्तार गर्न सक्नेछ ।

क्रं.सं	नाम र ठेगाना	क्रं.सं	नाम र ठेगाना	क्रं.सं	नाम र ठेगाना
१	प्रधान कार्यालय बबरमहल, काठमाण्डौं ।	७१	शाखा कार्यालय, भरतपुर चितवन ।	१४१	शाखा कार्यालय, निजगढ ।
२	शखा कार्यलय, बाडेगांउ, गोदावरी, ललितपुर ।	७२	शाखा कार्यालय, भोजपुर ।	१४२	शाखा कार्यालय, नेपालगंज ।
३	शाखा कार्यालय,पुरानो बानेश्वर, काठमाण्डौ ।	७३	शाखा कार्यालय, बिहादी ।	१४३	शाखा कार्यालय, निसीखोला ।
४	शाखा कार्यालय, भैसेपाटी, ललिपुर ।	७४	शाखा कार्यालय, बिजयनगर ।	१४४	शाखा कार्यालय, पाल्पा ।
५	शाखा कार्यालय,सुर्यविनायक भक्तपुर ।	७५	शाखा कार्यालय, विराटनगर ।	१४५	शाखा कार्यालय, पांचखाल ।
६	शाखा कार्यालय,बौद्ध, काठमाण्डौं ।	७६	शाखा कार्यालय, विरौटा कास्की ।	१४६	शाखा कार्यालय, परासी ।
७	शाखा कार्यालय, चुच्चेपाटी, चावहिल, काठमाण्डौं ।	७७	शाखा कार्यालय, विरगंज ।	१४७	शाखा कार्यालय, परोहा ।
८	शाखा कार्यालय,डल्लु, काठमाण्डौ ।	७८	शाखा कार्यालय, वितामोड ।	१४८	शाखा कार्यालय, पथरी ।
९	शाखा कार्यालय, धापासी, काठमाण्डौ ।	७९	शाखा कार्यालय, बुर्तिवाङ्ग ।	१४९	शाखा कार्यालय, फिदिम ।
१०	शाखा कार्यालय, सामाखुसी, गौंगबु, काठमाण्डौं ।	८०	शाखा कार्यालय, बुटवल ।	१५०	शाखा कार्यालय, फुङ्गलिङ ताप्लेजुङ ।
११	शाखा कार्यालय, गोठाटार, भक्तपुर ।	८१	शाखा कार्यालय, चन्द्रगढी ।	१५१	शाखा कार्यालय, पोखरा ।
१२	शाखा कार्यालय, गुर्जुधारा, काठमाण्डौ ।	८२	शाखा कार्यालय, चन्द्रनिगाहपुर ।	१५२	शाखा कार्यालय, रंघुगंगा म्यागदी।
१३	शाखा कार्यालय, ग्वार्को, ललितपुर ।	८३	शाखा कार्यालय, नयां बजार,दैलेख।	१५३	शाखा कार्यालय, राजविराज ।
१४	शाखा कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं ।	८४	शाखा कार्यालय, दमक ।	१५४	शाखा कार्यालय, रामपुर चितवन।

१५	शाखा कार्यालय, हात्तिगौडा, काठमाण्डौं ।	८५	शाखा कार्यालय, दमौली ।	१५५	शाखा कार्यालय, रानीवास गुल्मी।
१६	शाखा कार्यालय, जोरपाटी, काठमाण्डौ i	८६	शाखा कार्यालय, दरवाङ्ग ।	१५६	शाखा कार्यालय, रुकुम ।
१७	शाखा कार्यालय,कलंकी, काठमाण्डौं ।	८७	शाखा कार्यालय, धादीङ्ग ।	१५७	शाखा कार्यालय, सन्दकपुर इलाम।
१८	शाखा कार्यालय, कालीमाटी, काठमाण्डौं।	८८	शाखा कार्यालय, धनगढी ।	१५८	शाखा कार्यालय, सन्धिखक ।
१९	शाखा कार्यालय, कमलादी, काठमाण्डौं ।	८९	शाखा कार्यालय, धरान ।	१५९	शाखा कार्यालय, अर्घाखाची ।
२०	शाखा कार्यालय, कान्तीपथ, काठमाण्डौं ।	९०	शाखा कार्यालय, धार्के धादीङ्ग ।	१६०	शाखा कार्यालय, सौराहा ।
२१	शाखा कार्यालय, कपन, काठमाण्डौं ।	९१	शाखा कार्यालय, धवलागिरी ।	१६१	शाखा कार्यालय, शान्तिपुर गुल्मी।
२२	शाखा कार्यालय, कौशलटार, भक्तपुर ।	९२	शाखा कार्यालय, दोलखा ।	१६२	शाखा कार्यालय, सिमरा ।
२३	शाखा कार्यालय, खिचापोखरी, काठमाण्डौं।	९३	शाखा कार्यालय, दुलेगौडा ।	१६३	शाखा कार्यालय, सिन्धुली ।
२४	शाखा कार्यालय, कोटेश्वर तीनपैनी, काठमाण्डौं ।	९४	शाखा कार्यालय, एकडारा महोत्तरी ।	१६४	शाखा कार्यालय, सिराहा ।
२५	शखा कार्यालय, कोटेश्वर, काठमाण्डौं।	९५	शाखा कार्यालय, गड्यौली ।	१६५	शाखा कार्यालय, वीरेन्द्रनगर सुर्खेत ।
२६	शाखा कार्यालय,कुमारीपाटी, ललितपुर ।	९६	शाखा कार्यालय, गाईघाट ।	१६६	शाखा कार्यालय, स्याफ्रुबेशी ।
२७	शाखा कार्यालय, लैनचौर, काठमाण्डौं ।	९७	शाखा कार्यालय, गजुरी धादीङ्ग ।	१६७	शाखा कार्यालय, तमानखोला ।
२८	शाखा कार्यालय, जावलाखेल, ललितपुर ।	९८	शाखा कार्यालय, गलकोट ।	१६८	शाखा कार्यालय, बाग्लुङ्ग ।
२९	शाखा कार्यालय, महाराजगंज, काठमाण्डौं।	९९	शाखा कार्यालय, गौर रौतहत ।	१६९	शाखा कार्यालय, तम्घास ।
३०	शाखा कार्यालय, अनामनगर, काठमाण्डौं।	१००	शाखा कार्यालय, घोराही ।	१७०	शाखा कार्यालय, टांडी ।
३१	शाखा कार्यालय, मनमैजु, काठमाण्डौं ।	१०१	शाखा कार्यालय, गोपिगंज ।	१७१	शाखा कार्यालय, ताराखोला बाग्लुङ्ग ।
३२	शाखा कार्यालय,मंगलबाजार, ललितपुर ।	१०२	शाखा कार्यालय, गोर्खा ।	१७२	शाखा कार्यालय, थासाङ मुस्ताङ्ग ।
३३	शाखा कार्यालय, न्यु बानेश्वर, काठमाण्डौं।	१०३	शाखा कार्यालय, गुलेरिया ।	१७३	शाखा कार्यालय, तिनपैनी विराटनगर ।
३४	शाखा कार्यालय, पाटन गाबहाल ।	१०४	शाखा कार्यालय, गुरास दैलेख ।	१७४	शाखा कार्यालय, तुलसीपुर ।
३५	शाखा कार्यालय, पुतलिसडक, काठमाण्डौं	१०५	शाखा कार्यालय, हरिवन ।	१७५	शाखा कार्यालय, उर्लाबारी ।
३६	शाखा कार्यालय, सानेपा, ललितपुर ।	१०६	शाखा कार्यालय, हतुवागढि ।	१७६	शाखा कार्यालय, बालिङ
३७	शाखा कार्यालय, सातदोबाटो, ललितपुर	१०७	शाखा कार्यालय, भोजपुर ।	१७७	शाखा कार्यालय, बल्खु
३८	शाखा कार्यालय, शंखमुल, ललितपुर ।	१०८	शाखा कार्यालय, हेटौडा ।	१७८	शाखा कार्यालय, धुङ्गेधारा
३९	शाखा कार्यालय, सिनामंगल,काठमाण्डौं ।	१०९	शाखा कार्यालय, इलाम ।	१७९	शाखा कार्यालय, आरुघाट
४०	शाखा कार्यालय, सिनामंगल एरर्पोट गोल्डेन गेट, काठमाण्डौं ।	११०	शाखा कार्यालय, इनरुवा ।	१८०	शाखा कार्यालय, अतरिया
४१	शाखा कार्यालय, सुकेधारा, काठमाण्डौं ।	१११	शाखा कार्यालय, इटहरी ।	१८१	शाखा कार्यालय, ईमाडोल
४२	शाखा कार्यालय, स्वयम्भु, काठमाण्डौं ।	११२	शाखा कार्यालय, जलेश्वर ।	१८२	शाखा कार्यालय, टिकापुर
४३	शाखा कार्यालय, टंगाल, काठमाण्डौं ।	११३	शाखा कार्यालय, जनकपुर ।	१८३	शाखा कार्यालय, झलारी

४४	शाखा कार्यालय, टेकु, काठमाण्डौं ।	११४	शाखा कार्यालय, जोमसोम ।	१८४	शाखा कार्यालय, साफेबगर
४५	शाखा कार्यालय, ठमेल, काठमाण्डौं ।	११५	शाखा कार्यालय, काकडभिट्टा ।	१८५	शाखा कार्यालय, लमहि
४६	शाखा कार्यालय, थानकोट, काठमाण्डौं ।	११६	शाखा कार्यालय, कलैया ।	१८६	शाखा कार्यालय, चन्दैरेटा
४७	शाखा कार्यालय, नयां थिमि, भक्तपुर ।	११७	शाखा कार्यालय, कावासोती ।	१८७	शाखा कार्यालय, बालकोट
४८	शाखा कार्यालय, आबुखैरेनी तनहु ।	११८	शाखा कार्यालय, खैरेनी ।	१८८	शाखा कार्यालय, कालाबञ्जर
४९	शाखा कार्यालय, अछाम ।	११९	शाखा कार्यालय, खांदवारी ।	१८९	शाखा कार्यालय, पर्सा
५०	शाखा कार्यालय, अमरपथ बुटवल ।	१२०	शाखा कार्यालय, कोहलपुर ।	१९०	शाखा कार्यालय, पुर्नरवाँस
५१	शाखा कार्यालय, अमरसिंह चोक, पोखरा।	१२१	शाखा कार्यालय, कुश्मा ।	१९१	शाखा कार्यालय, किर्तीपुर
५२	शाखा कार्यालय, अन्नपूर्ण म्याग्दी ।	१२२	शाखा कार्यालय, लाहान ।	१९२	शाखा कार्यालय, साखुँ
५३	शाखा कार्यालय, बडिगाड ।	१२३	शाखा कार्यालय, लो घेकर ।	१९३	शाखा कार्यालय, कुरिनटार
५४	शाखा कार्यालय, बगर पोखरा ।	१२४	शाखा कार्यालय, मुस्ताङ्ग ।	१९४	शाखा कार्यालय, डुम्रे
५५	शाखा कार्यालय, हलनचोक बाग्लुङ ।	१२५	शाखा कार्यालय, लोमान्थाङ ।	१९५	शाखा कार्यालय, बिरेठाटि
५६	शाखा कार्यालय, बनेपा ।	१२६	शाखा कार्यालय, लुम्बिनी ।	१९६	शाखा कार्यालय, चापागाँऊ
५७	शाखा कार्यालय, बाह्रबीसे ।	१२७	शाखा कार्यालय, माछापुच्छे ।	१९७	शाखा कार्यालय, पिङ्गलास्थान
५८	शाखा कार्यालय, बर्दघाट नवलपरासी ।	१२८	शाखा कार्यालय, महादेव वेसी ।	१९८	शाखा कार्यालय, टिमुरे
५९	शाखा कार्यालय, बर्दिबास महोत्तरी ।	१२९	शाखा कार्यालय, धादीङ्ग ।	१९९	शाखा कार्यालय, बयलवास
६०	शाखा कार्यालय, बरेङ ।	१३०	शाखा कार्यालय, महेन्द्रनगर ।	२००	शाखा कार्यालय,बरहथवा, सर्लाही
६१	शाखा कार्यालय, बरियारपट्टी ।	१३१	शाखा कार्यालय, मनाङ्ग ।	२०१	शाखा कार्यालय, मलंगवा, सर्लाही
६२	शाखा कार्यालय, बारपाक ।	१३२	शाखा कार्यालय, मंगला म्यागदी ।	२०२	शाखा कार्यालय,तौलिहवा, कपिलवस्तु
६३	शाखा कार्यालय, बट्टार नुवाकोट ।	१३३	शाखा कार्यालय, मनिग्राम रुपन्देही।	२०३	शाखा कार्यालय, हरिचोक, कास्की
६४	शाखा कार्यालय, वौनिया ।	१३४	शाखा कार्यालय, मन्थली ।	२०४	शाखा कार्यालय, बाँझापाटन,कास्की
६५	शाखा कार्यालय, बेलबारी मोरङ्ग ।	१३५	शाखा कार्यालय, मिचैया ।	२०५	शाखा कार्यालय, धकादाइ, रुपन्देही
६६	शाखा कार्यालय, वेनी म्याग्दी ।	१३६	शाखा कार्यालय, मुखियापट्टी धनुषा।	२०६	शाखा कार्यालय, लाङटाङ, रसुवा
६७	शाखा कार्यालय, वेनीघाट धादीङ ।	१३७	शाखा कार्यालय, मुक्तिनाथ ।	२०७	शाखा कार्यालय,धर्मस्थलि,काठमाण्डौं
६८	शाखा कार्यालय, बेसीसहर लम्जुङ ।	१३८	शाखा कार्यालय, नारायणगढ ।	२०८	शाखा कार्यालय, अर्घौचोक, कास्की
६९	शाखा कार्यालय, भगवतिमाई दैलेख ।	१३९	शाखा कार्यालय, नाशोङ मनाङ्ग ।		
७०	शाखा कार्यालय, भैरहवा ।	१४०	शाखा कार्यालय,नवदुर्गा डडेलधुरा।		

एक्टेन्सन काउन्टर कार्यालयहरु	
१. भद्रपुर भन्सार, झापा	२४.विर हस्पिटल काउन्टर, काठमाण्डौं
२. सुनरी भन्सार, कोशी ब्यारेज	२५.दमकमालपोत काउन्टर, झापा
३. थाडी भन्सार, सिरहा	२६.ईलाम मालपोत काउन्टर, ईलाम
४. जलेश्वर भन्सार, महोत्तरी	२७.गरुढा मालपोत काउन्टर, रौतहट
५. महेशपुर भन्सार, नवलपरासी	२८.मौलापुर मालपोत काउन्टर,रौतहट
६. सुथौली भन्सार, कपिलवस्तु	२९.कावासोति मालपोत काउन्टर, नवलपरासी
७. सती भन्सार, कैलाली	३०.जलेश्वर मालपोत काउन्टर, महोत्तरी
८. अमलेखगञ्ज डिपो ,बारा	३१.बर्दीवास मालपोत काउन्टर, महोत्तरी
९. तिलगंगा आखाँ हस्पिटल, काउन्टर	३२ बाग्लुङ्ग मालपोत काउन्टर, बाग्लुङ्ग
१०.त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाण्डौं	३३.मदन भण्डारी मेमोरीयल काउन्टर, उर्लावारी
११.राजविराज मालपोत,राजविराज	३४.जिल्ला प्रशासन कार्यालय मकवानपुर काउन्टर
१२.राजविराज भन्सार, सप्तरी	३५. जिल्ला प्रशासन कार्यालय चितवन काउन्टर
१३.मदर भन्सार,सप्तरी	३६. जिल्ला प्रशासन कार्यालय झापा काउन्टर
१४.गौर भन्सार, रौतहट	३७. जिल्ला प्रशासन कार्यालय मोरङ्ग काउन्टर
१५.कालिमाटि काउन्टर, काठमाण्डौं	३८. कोशी हस्पिटल काउन्टर, मोरङ्ग
१६.मलंगवा भन्सार, मलंगवा	३९. जिल्ला प्रशासन कार्यालय वाग्लुङ्ग काउन्टर
१७.जटही छोटी भन्सार,जनकपुर	४०. जिल्ला प्रशासन कार्यालय सुनसरी काउन्टर
१८.तिनपैनी परराष्ट्र मन्त्रालय, विराटनगर	४१. जिल्ला प्रशासन कार्यालय सिराहा काउन्टर
१९.हसनपुर काउन्टर ,धनगढी	४२. जिल्ला प्रशासन कार्यालय उदयपुर काउन्टर
२०.रामनगर काउन्टर, बुटवल	४३. जिल्ला प्रशासन कार्यालय म्याग्दी काउन्टर
२१.जानकी मेडिकल कलेज,जनकपुर	४४.यातायात कार्यालय काउन्टर, विराटनगर
२२.ईन ल्यान्ड रेभिन्यू अपिस, दमक, झापा	४५.टेकु एक्टेन्सन काउन्टर, काठमाण्डौं
२३.पोखरा काउन्टर, पोखरा	४६. जिल्ला प्रशासन कार्यालय, धनुषा काउन्टर

माथि उल्लेखित यस बैंकको मुख्य कार्यालय एवं शाखाहरुमा अवस्थित रहेको ।

(उ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु

(१) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :

यस बैंक कम्पनी ऐन, २०६३ एवं बैंक तथा वित्तीय संस्था ऐन, २०७३ (तत्कालीन बैंक तथा वित्तीय सस्था ऐन, २०६३) अन्तर्गत स्थापना भएको हो । साबिक किष्ट बैंक लिमिटेड, प्रभु विकास बैंक लिमिटेड, गौरीशंकर डेभलपमेण्ट बैंक लिमिटेड र जेनिथ फाइनान्स लिमिटेड आपसमा गाभिएर बनेको प्रभु बैंक लिमिटेडले मिति २०७१ भाद्र ३० गतेबाट प्रभु बैंक लिमिटेडको नाममा वित्तीय कारोवार गर्दै आएको छ । त्यस पश्चात नेपाल विकास बैक लि.लाई एक्विजिसन गर्दै साविक ग्राण्ड बैंक लि. लाई मिति २०७२ माघ १५ गते यस संस्थामा गाभि हाल सम्ममा २०८ वटा शाखा विस्तार, ४६ काउन्टर कार्यलय र १५५ ए.टि.एम. संचालनमा ल्याई वित्तीय कारोवार गर्दै आएको छ ।

यस बैंकले विगत ५ वर्षमा वितरण गरेको लाभांशको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	आर्थिक वर्ष	बोनस शेयर	नगद लांभाश	हकप्रद शेयर
१	२०७१/७२	-	-	-
२	२०७२/७३	-	-	५:१
३	२०७३/७४	-	-	१०:४
४	२०७४/७५	८%	-	-
५	२०७५/७६	१६%	-	-

वित्तीय परिसूचक

क्र.सं.	विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६
१	प्रति शेयर आम्दानी रु.	२७.१७	१२.५८	२१.०३
२	प्रति शेयर नेटवर्थ रु.	१५८.९९	१५२.६७	१६१.०४

३	Return on Equity	१९.२९	७.६९	१२.४५
४	Return on Assets	१.६०	०.८३	१.२९
५	अनिवार्य मौज्दात अनुपात (CRR) %	१२.१३	६.८३	४.३९
६	बैधानिक तरलता अनुपात (SLR) %	२३.३९	२०.१६	१९.७६

(२) कम्पनीको उद्देश्य :

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रहि वित्तीय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) बैंकका निक्षेपकको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक बैंकिङ्ग साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग सेवामा जोखिम कम गर्दै यस क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :

बैंकको प्रभु क्यापिटल लिमिटेड कम्पनीमा ५१ प्रतिशत लगानी रहेको छ ।

क) सहायक कम्पनीको नामः प्रभु क्यापिटल लिमिटेड ।

ख) सहायक कम्पनीका ईतिहास, मुख्य उद्देश्यहरु र भएका लगानीको अंशः

प्रभु क्यापिटल लिमिटेड (साबिकको ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेड) चुक्ता पुँजी रु.७,००,००,०००/- (अक्षरेपी सात करोड रुपैंया मात्र) सहित मिति २०६६/०५/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६७/०५/२४ देखि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी मिति २०७४ साल जेष्ठ २० गते सम्पन्न कम्पनीको विशेष साधारणसभाबाट नियमनकारी निकायले गरेको व्यवस्था अनुसार यस क्यापिटलले १:२ हकप्रद शेयर जारी गरी चुक्ता पूँजी रु.२१ करोड पुऱ्याईएको साथै मिति २०७३/१२/१९ को पत्रले नेपाल राष्ट्र बैकबाट यस क्यापिटललाई प्रभु बैंक लिमिटेडको सहायक कम्पनी बनाउन स्वीकृती प्रदान गरी प्रभु क्यापिटलको नामबाट नियमनकारी निकायबाट स्विकृती पश्चात कारोबार गरिरहेको । हाल प्रभु क्यापिटल लिमिटेड र समृद्धी क्यापिटल लिमिटेड दुबै कम्पनीको मिति २०७६/११/११ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनी एक आपसमा गाभेर (मर्जर) यस क्यापिटलको चुक्ता पूँजी रु.८१,७०,७०,४०० कायम रहेको र मिति २०७७/०३/२९ गते देखि एकीकृत कारोबार गरिरहेको ।

यस कम्पनी स्थापना पश्चात प्रभु बैंक लिमिटेडबाट दिदै आएको निक्षेप सेवा, बैंक र यस कम्पनी वीच भएको सम्झौता अनुसार सो सम्बन्धी सम्पूर्ण सेवा यस लिमिटेडबाट प्रदान गर्न सुरु गरियो । साथै नियमनकारी निकायको मापदण्ड पूरा गरी श्री नेपाल धितोपत्र बोर्डबाट निक्षेप सदस्य, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार,

प्रत्याभूतिकर्ता तथा श्री सन्राइज बैंक लिमिटेड अन्तर्गत सामुहिक लगानी कोष प्रवर्धकको रुपमा कार्य गर्न समेत अनुमति प्राप्त गरेको छ ।

यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

क) धितोपत्र बोर्डबाट स्वीकृतीलिई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र व्यापारी, बजार निर्माता, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, धितोपत्रको प्रत्याभुतिकर्ताको रुपमा कार्य गर्ने ।

ख) कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्धन सम्बन्धी सहयोग गर्ने ।

ग) लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।

घ) लगानीकर्ताहरुलाई पुँजी बजार तर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।

ङ) नयाँ तथा हाल कायम पुँजी बजारमा सम्बन्धीत सेवाको बिकास विस्तार गर्न नेपाल धितोपत्र बोर्ड संग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्विकृत प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।

च) उपलब्ध शिप, श्रम तथा पुँजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा पुँजी बजार संग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकिय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पुँजी बजारको समग्र बिकासका लागि सक्रिय रुपमा संचालन भई सहयोग पुऱ्याउने ।

(ए) अन्य विवरणहरु:

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :
बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :
कम्पनी सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्नको निमित्त आवश्यक प्रविधिहरु प्रयोग गरिएको छ ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :
सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :
हाल सम्मको तथ्याङ्क अनुसार कुल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को ३.९६% हिस्सा कम्पनीको रहेको छ । साथै, कर्जा तथा सापट अन्तर्गत हालसम्म कम्पनीले कुल बजारको ३.६९% हिस्सा ओगटेको छ ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :
समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :
बैंकको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने बैंकको लक्ष्य रहेको छ ।

(७) उत्पादन/संचालन क्षमता र सोको उपभोग स्थिति :
वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएको संचालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :
लागु नहुने ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :
स्तरीय बैंकिङ्ग सेवाका लागी ग्राहक सेवा बिभाग स्थापना गरी संचालनका साथै ग्राहक गुनासो सुनुवाई डेस्क समेत रहेको ।

(१०) अनुसन्धान तथा विकास :
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :
सो नभएको ।

(१२) कर्मचारी संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए,सो सम्बन्धी विवरण :
बैंकको कारोबारमा असर पर्ने गरी कुनै विवाद नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :
नेपाल राष्ट्र बैंकबाट हाल २७ वटा वाणिज्य बैंकहरु मान्यता प्राप्त गरी संचालन रहि अत्याधिक प्रतिस्पर्धा रहेको हालको वित्तीय बजारमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकको चुक्ता पुँजी रु. ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु बीच प्रतिस्पर्धा अझ बढेको छ । यस्तो अवस्थामा यस बैंक सफलतापूर्वक आफ्नो पहिचान स्थापित गरी वित्तीय व्यवसाय संचालन गरिरहेको छ । हाल २७ वटा वाणिज्य बैंकहरु बिच यस बैकको २०७६ चैत्र मसान्तसम्मको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	समग्र बजारमा बैकको हिस्सा
१	निक्षेप संकलन	३.८४%
२	कर्जा तथा सापटी	३.६०%
३	खुद मुनाफा	३.२०%
४	खुद व्याज आम्दानी	३.६८%

बैंकले निष्काशन गर्न लागेको ऋणपत्रको अवधि ८ वर्ष रहेको र व्याजदर १० प्रतिशत रहेकोले यसमा लगानी गर्ने लगानीकर्ताहरुको लागि जोखिम रहित उच्चतम प्रतिफल हुने हुनाले बैंकले जारी गर्न लागेको ऋणपत्रले लगानीकर्तालाई आर्कषण गर्न सक्नेछ ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :
सो नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :
सो नभएको ।

ख. सम्पत्तिको विवरण :

(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान :

कम्पनीको आषाढ ३१, २०७६ को सम्पत्तिको विवरण तथा सम्पत्ति रहेको स्थान यस प्रकार रहेको छ ।

रु हजारमा

सम्पत्ति		२०७५/७६
१	नगद तथा नगद समान	१३,७९२,३३७
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता	८,०३१,२६९
३	बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	-
४	डेरिभेटिभ वित्तीय उपकरण	४,४७६,३५२
५	अन्य व्यापारिक सम्पत्तिहरु	-
६	बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	३,९३१,९२७
७	ग्राहकलाई दिएको कर्जा तथा सापटी	८५,८२१,१७६
८	धितोपत्रमा लगानी	१४,४४८,५३०
९	चालु आयकर सम्पत्ति	-
१०	सहायक कम्पनीमा लगानी	११६,९६१
११	सम्बद्ध कम्पनीमा लगानी	-
१२	सम्पत्तिमा लगानी	४३८,७८६
१३	सम्पत्ति तथा उपकरण	२,२८०,२६२
१४	गुडवील (ख्याती) र अमूर्त सम्पत्ति	३९,७६९
१५	स्थगन कर सम्पत्ति	२६१,९९६

१६	अन्य सम्पत्ति	४,२४६,९७२
	कुल सम्पत्ति	**१३७,८८६,३३७**

उपरोक्त सम्पति यस बैंकको केन्द्रिय कार्यालय एंव शाखाहरुमा अवस्थित रहेको ।

(आ) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :

माथि उल्लिखित सम्पत्तिहरु आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको ।

(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :

नभएको ।

(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :

यस बैंकको सम्पत्तिको पुनर्मूल्यांकन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(उ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :

लागु नहुने ।

ग. भावी योजना तथा रणनीति :

(अ) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

१) **नयाँ उत्पादन तथा सेवाहरु :** प्रविधिमा आधारित नवीनतम उत्पादन तथा सेवाहरु ल्याउन बैंक प्रयत्नशील छ । बैकिङ्ग सेवाको पहुँच नपुगेको वा नभएको जनता माझ सरल, सुलभ र भरपर्दो बैंकिङ्ग सेवा पुयाउने बैंकको जोड रहने छ ।

२) **शाखा संजाल:** बैंकको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउँदै जाने उद्देश्यले आवश्यकता अनुसार संजाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ ।

३) **डेविट/क्रेडिट कार्ड:** बजारमा आफ्नो बलियो उपस्थितीलाई कायम राख्न आफ्नो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । आफनो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउदै लैजान बैंक प्रयत्नशील छ । यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ ।

४) **एटिएम संजाल:** आफ्ना ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनितिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडानगर्दै जाने योजना बैंकको रहेको छ ।

५) **सुचना प्रविधिमा आधारित सेवा :** बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई Value Added Services जस्तै OnlineLoan Application Processing प्रणाली प्रदान गर्ने ध्येय राखेको छ ।

६) **विप्रेषण :** विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउँदै लैजान बैंकले आवश्यक्ता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुऱ्याउने योजना गरेको छ । यस्तो विप्रेषण संजाललाई दुर्गम क्षेत्रहरु सम्म विस्तार गर्ने योजना गरिरहेको छ ।

७) **अन्य व्यवसाय:** बैंकिङ्ग उद्योगमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफ्नो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ ।

(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :

देशको बैंकिङ्ग क्षेत्रमा हाल अत्याधिक प्रतिस्पर्धा रहेको छ । नेपाल राष्ट्र बैंकको निर्देशनानुसार बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउनु पर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु बीच प्रतिस्पर्धा अझ बढेको छ । यस कम्पनीले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न आफ्नो दीर्घकालीन रणनीति लागू गरी सोही बमोजिम कार्य गर्दै अघि बढेको छ । सोही रणनीति बमोजिम बैंकले हाल उल्लेख्य रुपमा शाखा तथा एटीएम विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि र चल्ती तथा बचत निक्षेपमा वृद्धि गर्दै लगेको छ । साथै, ग्राहकको सन्तुष्टि तथा अनुभवको आधारमा उच्च मूल्याङ्कन गर्दै समय सापेक्ष रुपमा बैंकको कार्य नीति परिवर्तन तथा परिमार्जन गर्दै ग्राहकको पहिलो रोजाईको बैंक बन्ने तथा सोका लागि आवश्यक बैंकको आन्तरिक कार्य प्रणालीलाई थप सरल तथा चुस्त बनाउने नीति अवलम्बन गरेको छ । बैंकले निरन्तर रुपमा कर्मचारीको कार्य क्षमता अभिवृद्धिका लागि आफ्ना कर्मचारीहरुलाई विभिन्न तालिम प्रदान गर्दै आएको छ । बैंकले अवलम्बन गरेको यही दीर्घकालीन रणनीतिका कारण बैंकलाई रणनीतिक फाइदा प्राप्त भएको छ र दीर्घकालीन रुपमा बैंकको वित्तीय अवस्था तथा मुनाफा स्थिर राख्नमा ठूलो टेवा पुग्ने विश्वास लिएका छौं । बैंक आफ्नो आन्तरिक कार्य

प्रणाली तथा नियन्त्रण प्रणालीलाई थप चुस्त पार्दै आफ्नो लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न स्थान ओगट्ने कुरामा दृढ रहेको छ ।

बैंकले प्रक्षेपित वित्तीय विवरण तयार गर्दा तलका बुदाँका आधारमा गरेको छ :

(क) बैंकको भावी योजनाहरु, विगतका बर्षहरुको कारोवारको बृद्धि, बैंकले गरेको आम्दानी एबम् बैंकको शाखा संजाल विस्तार गर्ने रणनीति, चालु बर्षको प्रगति तथा नेपाल सरकारद्धारा प्रक्षेपित वित्तीय आँकडालाई आधार मानेको छ ।
(ख) बैंकले निक्षेपमा औषत व्याज, कर्जा सापटमा औषत व्याज, बैधानीक तरलता अनुपात, अनिवार्य नगद मौज्दात तथा पूँजीकोष अनुपात प्रतिशतलाई आधार मानेर नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।
(ग) भविष्यमा हुन सक्न सम्भावित अनुमानीत परिदृष्यको आधारमा वित्तीय विवरणको प्रक्षेपण तयार गरेको हो ।

विगत बर्षहरुको तुलनामा बैंकिङ्ग क्षेत्रमा धेरै प्रतिस्पर्धा बढेको छ । हाल २७ वटा वाणिज्य बैंकहरु बिच यस बैकको २०७६ चैत्र मसान्तसम्मको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	समग्र बजारमा बैकको हिस्सा
१	निक्षेप संकलन	३.८४%
२	कर्जा तथा सापटी	३.६०%
३	खुद मुनाफा	३.२०%
४	खुद व्याज आम्दानी	३.६८%

बैंकको हालसम्मको प्रगति विवरण तथा बर्तमान बजारमा बैंकको अवस्थाको सम्बन्धमा बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ ।

घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छ ।

संस्थापक समूहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनित सञ्चालकहरु	४ जना
सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनित सञ्चालकहरु	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**७ जना**

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।
बैंकको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक पदमा नियुक्त हुनको लागि कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालकको हकमा यो व्यवस्था लागु हुनेछैन ।

४. पूँजी संरचना सम्बन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत् सम्बन्धी विवरण :

- **अधिकृत पूँजी :** बैंकको अधिकृत पूँजी रु.१०,३१,५५,०६,६३५/– (अक्षरेपी दश अर्ब एकत्तिस करोड पचपन्न लाख छ हजार छ सय पैतिस रुपैया मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १०,३१,५५,०६६ (दश करोड एकत्तिस लाख पचपन्न हजार छैसट्ठी) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

- **जारी पूँजी** : बैंकको जारी पूँजी रु.१०,३१,५५,०६,६३५/– (अक्षरेपी दश अर्ब एकत्तिस करोड पचपन्न लाख छ हजार छ सय पैतिस रुपैया मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १०,३१,५५,०६६ (दश करोड एकत्तिस लाख पचपन्न हजार छैसट्ठी) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

- **चुक्ता पूँजी** : हाल बैंकको चुक्ता पूँजी रु.१०,३१,५५,०६,६३५/– (अक्षरेपी दश अर्ब एकत्तिस करोड पचपन्न लाख छ हजार छ सय पैतिस रुपैया मात्र) रहेको छ । जसलाई प्रति शेयर रु. १००/– अङ्कित मूल्यका १०,३१,५५,०६६ (दश करोड एकत्तिस लाख पचपन्न हजार छैसट्ठी) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

बैंकको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण
प्रभु बैंक लि. को पूँजी विवरण देहाय बमोजिम रहेको छ ।

आर्थिक वर्ष	अधिकृत पूँजी (रु.)	जारी पूँजी (रु.)	चुक्ता पूँजी (रु.)	मिति
२०७१/०७२	१०,००,००,००,०००/-	३,२०८,८८५,२२४/-	३,२०८,८८५,२२४/-	२०७१/०५/३०
२०७२/०७३	१०,००,००,००,०००/-	३,८८१,४०२,२२४/	३,८८१,४०२,२२४/	२०७३/०३/२६
२०७२/०७३	१०,००,००,००,०००/-	८,२३३,९६२,८००/	५,८८१,४०२ ,२२४/-	२०७३/०८/२६
२०७४/०७५	१०,००,००,००,०००/-	८,२३३,९६२,८००/-	८,२३३,९४८,५२४/-	२०७५/०३/३२
२०७५/०७६	१०,००,००,००,०००/-	८,८९,२६,७४,७०६/-	८,८९,२६,७४,७०६/-	२०७६/०३/३१
२०७६/०७७	१०,३१,५५,०६,६३५/-	१०,३१,५५,०६,६३५/-	१०,३१,५५,०६,६३५/-	२०७६/१०/०८

(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

ऋणपत्र निष्काशन पूर्व कम्पनीको शेयर पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूंजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	५,२६,०९,०८३.८४	५१%	५,२६,०९,०८,३८४/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	५,०५,४५,९८२.५१	४९%	५,०५,४५,९८,२५१/-	शतप्रतिशत
	जम्मा	**१०,३१,५५,०६६.३५**	१००%	**१०,३१,५५,०६,६३५/-**	

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

शेयर पूँजी :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूंजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	५,२६,०९,०८३.८४	५१%	५,२६,०९,०८,३८४/-	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	५,०५,४५,९८२.५१	४९%	५,०५,४५,९८,२५१/-	शतप्रतिशत
	जम्मा	**१०,३१,५५,०६६.३५**	१००%	**१०,३१,५५,०६,६३५/-**	

ऋणपत्र पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
रु. १,०००।– अंकित दरको १०,००,००० कित्ता ऋणपत्रहरु	१,००,००,००,०००	शतप्रतिशत
रु. १,०००।– अंकित दरको २०,००,००० कित्ता ऋणपत्रहरु प्रभु बैंक डिबेन्चर २०८४*	२,००,००,००,०००	शतप्रतिशत

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :

सो नभएको ।

५. संस्थापक/संचालक सम्बन्धी जानकारी :

क. संस्थापक/संचालकको पृष्ठभूमि :

(अ) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता र व्यापार/व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीहरुको विवरण

क्र. सं.	आधारभूत शेयरधनीको नाम र ठेगाना	पद	संस्थापक शेयर संख्या	सर्वसाधारण शेयर	कूल शेयर संख्या	उमेर	राष्ट्रियता	शैक्षिक योग्यता	व्यवसायीक अनुभव	पेशा
१	तारा कुमारी भट्टचन, वाग्लुङ	संस्थापक	४,८३६,३६७	३८७,१३८	५,२२३,५०५	५३	नेपाली	सामान्य	-	व्यापार

२	प्रभु ग्रुप प्रा.लि., काठमाण्डौ	संस्थापक	४,२३०,९६८	८५८,६५३	५,०८९,६२१	लागु नहुने	लागु नहुने	लागु नहुने	लागु नहुने	व्यापार
३	गौरव अग्रवाल, बागमती	संस्थापक	४,४०९,२६३	३४६,६६१	४,७५५,९२४	३७	नेपाली	स्नातक	-	व्यापार
४	नेपाल इन्भेष्टमेन्ट प्रा.लि., ललितपुर	संस्थापक	३,४१२,६०३	२६७,६६०	३,६८०,२६३	लागु नहुने	लागु नहुने	लागु नहुने	लागु नहुने	व्यापार
५	विनोद थकाली । म्याग्दी	संस्थापक	२,६८८,९८९	२१२,३७३	२,९०१,३६२	५८	नेपाली	सामान्य	-	व्यापार
६	कर्मचारी संचय कोष, ललितपुर	संस्थापक	१,०६८,१८२	२१५,९५४	१,२८४,१३६	लागु नहुने	लागु नहुने	लागु नहुने	लागु नहुने	व्यापार
७	सुदीप आचार्य, काठमाण्डौ	संस्थापक	१,००४,१२४	२०३,००३	१,२०७,१२७	४५	नेपाली	एम.ई	-	व्यापार
८	अम्बिका शर्मा लामिछाने, काठमाण्डौ	संस्थापक	८७३,३७३	२००,७१२	१,०७४,०८५	४५	नेपाली	एम.वि.ए	यस बैंकको सञ्चालक पदमा पटक पटक गरी १० बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी काम गरेको र आशा इन्टरनेशनल प्रा.लि.को अध्यक्ष भई १५ बर्ष भन्दा बढि काम गरेको ।	व्यापार

संचालकहरुको विवरण :

क्र. सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	अनुभव	शेयर स्वामित्व
१.	श्री देवी प्रकाश भट्टचन संस्थापक समूह	अध्यक्ष	५८	नेपाली	ललितपुर, म.न.पा. वडा नं. २, सानेपा, ललितपुर	एम.वि .ए.	यस बैंकको अध्यक्ष पदमा पटक पटक गरी १२ बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी, साविक ग्लोवल बैंक लिमिटेडको सञ्चालक पदमा २ बर्ष भन्दा बढी काम गरेको । प्रभु ट्राभल्स प्रा.लि.को अध्यक्ष भई २२ बर्ष भन्दा बढि, प्रभु मनि ट्रान्सफर प्रा.लि.को अध्यक्ष भई १६ बर्ष भन्दा बढि, प्रभु इन्स्योरेन्स लिमिटेडको अध्यक्ष भई ३ बर्ष भन्दा बढी, प्रभु इन्भेष्टमेण्ट प्रा.लि.को अध्यक्ष भई १७ बर्ष भन्दा बढि, प्रभु हेलिकप्टर	८३५२

							प्रा.लि.को अध्यक्ष भई ५ बर्ष भन्दा बढी र डिस मिडिया नेटवर्क प्रा.लि.को अध्यक्ष भई ६ बर्ष भन्दा बढि काम गरेको ।	
२.	श्री पुष्प बहादुर प्रधान संस्थापक समूह	सञ्चालक	६९	नेपाली	ललितपुर, म.न.पा. वडा नं. ३, झम्सिखेल, ललितपुर	एम.ए.	यस बैंकको सञ्चालक पदमा पटक पटक गरी ५ बर्ष (साविक किष्ट बैंक लिमिटेड समेतमा) भन्दा बढी र बिभिन्न शैक्षिक संस्थामा १० बर्ष अध्यापन गरेको ।	२४१६
३.	श्री अम्बिका शर्मा लामिछाने संस्थापक समूह	सञ्चालक	४५	नेपाली	का.म.न.पा. ३, बसुन्धरा, काठमाण्डौ	एम.वि.ए	यस बैंकको सञ्चालक पदमा पटक पटक गरी १० बर्ष (साविक प्रभु फाइनान्स लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी काम गरेको र आशा इन्टरनेशनल प्रा.लि.को अध्यक्ष भई १६ बर्ष भन्दा बढि काम गरेको ।	१०७४०८५
४.	श्री रमेश सिंह खड्का संस्थापक समूह	सञ्चालक	६६	नेपाली	बिदुर न.पा २, नुवाकोट	स्नातक	यस बैंकको सञ्चालक पदमा पटक पटक गरी ६$^{१/२}$ बर्ष (साविक सम्वृद्धि विकास बैंक लिमिटेड र साविक प्रभु विकास बैंक लिमिटेड समेतमा) भन्दा बढी र कृषि विकास बैंक लिमिटेडमा अधिकृत स्तरमा रहेर २८ बर्ष भन्दा बढी काम गरेको ।	२०४४५
५.	श्री शंकर प्रसाद कालिकोटा (प्रतिनिधि नेपाल मनि रेमिट प्रा.लि.) सर्वसाधारण समूह	सञ्चालक	५८	नेपाली	का.म.न.पा ३१ शान्तीनगर, काठमाण्डौं	मास्टर अफ साइन्स इन इन्जिनियरिङ	प्रभु क्यापिटल लिमिटेडमा १ $^{१/२}$ बर्ष महाप्रबन्धक पदमा रहेर काम गरेको, भिवोर क्यापिटल लिमिटेडमा २ बर्ष प्रमुख कार्यकारी पदमा रहेर काम गरेको र नेपाल विकास बैंकमा ९ बर्ष भन्दा बढि नायव प्रवन्धक पदमा रहेर काम गरेको । यस बैंकमा २ बर्ष भन्दा बढी संचालक पदमा रहेर कार्य गरेको ।	३७२४
६.	श्री अञ्जु अधिकारी (प्रतिनिधि इ.सि.एस.मनि ट्रान्सफर प्रा.लि.) सर्वसाधारण समूह	सञ्चालक	६५	नेपाली	का.म.न.पा. वडा नं. ०९, बत्तिसपुतली, काठमाडौं	स्नातक	नेपाल राष्ट्र बैंकमा विभिन्न पदमा रहेर ३० बर्ष कार्य गरेको । यस बैंकमा १ $^{१/२}$ बर्ष भन्दा बढी संचालक पदमा रहेर कार्य गरेको ।	३७२४
७.	श्री ऋषिराम गौतम	स्वतन्त्र सञ्चालक	६३	नेपाली	चितवन जिल्ला भरतपुर म.न.पा वडा नं १४, सुन्दरबस्ती	एम.वि.ए	नेपाल राष्ट्र बैंकमा विभिन्न पदमा रहेर ३० बर्ष सम्म कार्य गरेको र नागरिक लागानी कोषमा कार्यकारी निर्देशक भई ५ वर्ष, यस प्रभु बैंक लिमिटेडमा २$^{१/२}$ बर्ष विषेशज्ञ संचालक भई कार्य गरेको ।	४६१५

(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

यस बैंकको संस्थापक कम्पनी/संस्थाको नाम तथा ठेगाना तथा उक्त कम्पनी तथा संस्थाका संचालकहरुको नाम तथा ठेगाना सम्वन्धी विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं.	संस्थागत संस्थापकको नाम र ठेगाना	कित्ता	संचालकको नाम	ठेगाना	पद
१	राष्ट्रिय वीमा संस्थान, काठमाण्डौ	९७२६	श्री गंगाराम कंडेल		अध्यक्ष
			श्री महेश्वर लाल श्रेष्ठ,	नेपाल राष्ट्र बैंक	सञ्चालक
			श्री विश्व राज बराल	नेपाल राष्ट्र बैंक	सञ्चालक
			श्री बसन्त राज पाण्डे		सञ्चालक
			श्री कवि प्रसाद पाठक		सञ्चालक
			श्री कृष्ण कुमार श्रेष्ठ		सचिव
२	राष्ट्रिय वीमा कम्पनी लि., काठमाण्डौ	९७२६	श्री उमेश चन्द्र उपाध्याय		अध्यक्ष
			श्री थान प्रसाद पंगेनी,	अर्थ मन्त्रालय	सञ्चालक
			श्री विजय कुमार श्रेष्ठ	कर्मचारी	सञ्चालक
			श्री प्रकाश कुमार अधिकारी	संचयकोष	सञ्चालक
			श्री अशोक कुमार उप्रेती	नेपाल बैंक लि.	सञ्चालक
			श्री निरञ्जन आचार्य		सचिव
३	लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड, पुतलीसडक	९९५८८	श्री एम.आर कुमार	भारत	अध्यक्ष
			श्री अशोक अग्रलाल		सञ्चालक
			श्री लक्ष्मी प्रसाद दास	भारत	सञ्चालक
			श्री कुमार केशर बिष्ट		सञ्चालक
			श्री भि.के. कुकरेजा	भारत	सञ्चालक
					सचिव
४	हाईल्याण्ड होल्डीङ्ग प्रा.लि., काठमाण्डौ	२४८१२७	श्री भुषण गुरागाई,	उपलब्ध नभएको	अध्यक्ष
			श्री सौरभ गुरागाई		सञ्चालक
			श्री शुशिला घिमिरे		सञ्चालक
५	गुँरास लाइफ इन्स्योरेन्स कं. लि., तिनकुने	२१८८४	श्री विवेक दुगड		अध्यक्ष
			श्री बिशाल टाटर		सञ्चालक
			श्री अपच कुमार यादव	सनराईज बैंक लि.	सञ्चालक
			श्री शिव बहादुर श्रेष्ठ		सञ्चालक
			श्री मेघराज पौडेल		सञ्चालक
			श्री शम्भु प्रसाद सुवेदी		सञ्चालक
			श्री सौरभ दुगड		सञ्चालक
६	प्रुडेन्सियल क्यापिटल मेनेजमेन्ट कम्पनी प्रा.लि., काठमाण्डौ	१०४३३०	श्री अशोक कुमार अग्रवाल	लाजिम्पाट,	अध्यक्ष
			श्री मधु अग्रवाल	काठमाण्डौं	सञ्चालक
			श्री अर्पित अग्रवाल		सञ्चालक
७	नेपाल लाईफ ईन्सुरेन्स कम्पनी लि., कमलादी	७३३४४	श्री गोविन्द लाल संघाई	उपलब्ध नभएको	अध्यक्ष
			श्री राम अवतार अग्रवाल		सञ्चालक
			श्री कमलेश कुमार अग्रवाल		सञ्चालक
			श्री विवेक अग्रवाल		सञ्चालक
			श्री प्रकाश मुण्डरा		सञ्चालक
			श्री विमल प्रसाद ढकाल		सञ्चालक
			श्री पारुल ढकाल		सञ्चालक
८	SHTC इन्टरनेशनल, काठमाण्डौ	७२९५	श्री अमित अग्रवाल	उपलब्ध नभएको	सञ्चालक
			श्री सुमित अग्रवाल		सञ्चालक
९	कालिका इन्भेष्टमेण्ट एण्ड मेन्जमेन्ट, बिरगन्ज	३६४७३	श्री सत्य नारायण क्याल	उपलब्ध नभएको	अध्यक्ष
			श्री बबिता क्याल अग्रवाल		सञ्चालक
			श्री अनुज क्याल		सञ्चालक
			श्री बिकाश कुमार क्याल		सञ्चालक
			श्री रिटेल कुमार क्याल		सञ्चालक
१०	प्रुडेनसियल इन्सुरेन्स कम्पनी प्रा.लि., कमलादी	७२९४८	श्री श्रवण कुमार अग्रवाल		अध्यक्ष
			श्री विशाल अग्रवाल		सञ्चालक
			श्री अमित अग्रवाल	उपलब्ध नभएको	सञ्चालक
			श्री अर्पित अग्रवाल		सञ्चालक
			श्री अनिता रायमाझि		सञ्चालक
			श्री आनन्द बाबु खड्का		सञ्चालक

११	कर्मचारी सञ्चय कोष, ललितपुर	१०६८१८२	श्री शिशिर कुमार ढुंगाना, सचिव, श्री डा. डिल्ली राज शर्मा, प्रध्यापक, त्रिभुवन विश्वविद्यालय श्री झक प्रसाद आचार्य, सचिव, नेपाल सरकार श्री शंकर बहादुर पण्डित, ब्रिगेडियर, जनरल श्री सुरेश विक्रम शाह, प्रहरी नायव महानिरिक्षक श्री किरण कुमार श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, श्री तुलसी प्रसाद गौतम, प्रमुख प्रशासक,	नेपाल सरकार त्रिभुवन विश्वविद्यालय नेपाल सरकार नेपाली सेना नेपाल प्रहरी राष्ट्रिय बाणिज्य बैंक कर्मचारी संचयकोष	अध्यक्ष सञ्चालक सञ्चालक सञ्चालक सञ्चालक सञ्चालक सञ्चालक
१२	यस आर हाईड्रो एण्ड ईन्भेष्टमेन्ट, शिव भक्त मार्ग	८६४५५	उपलब्ध नभएको	उपलब्ध नभएको	उपलब्ध नभएको
१३	आर एम सि इन्भेष्मेन्ट प्रा.लि., टेकु	२९१७८	उपलब्ध नभएको	उपलब्ध नभएको	उपलब्ध नभएको
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैंकको शेयर मिति २०६१/०९/१३ गते सूचिकरण भई कारोबार भइरहेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्विकृत भए पश्चात नियमानुसार सूचिकरण गरिने छ ।

(ऊ) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

च. प्रत्याभूति सम्बन्धी विवरण :

(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम

सो नभएको ।

(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु

सो नभएको ।

छ. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

सर्वसाधारणको हकमा :

(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :

धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ ।

साथै यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

(आ) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्वन्धी विवरण :

१. वैंकको प्रवन्ध–पत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, बबरमहल, काठमाण्डौ, नेपालमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक श्री नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम ३,००,००० कित्ता डिवेन्चर खरिदका लागि आवेदन दिनुपर्नेछ । न्यूनतम कित्ता भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा अधिकत्तम ३,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिवेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/-का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्वा (C-ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :

१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. दरखास्त दिँदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्वन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।

३. आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुदैन ।

४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

६. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निश्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।

७. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

व्यक्तिगत तवर (Private Placement) को हकमा:

(अ) निष्काशन गरिने डिबेन्चर संख्या

आठ वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु. १,०००/– अंकित मूल्यका १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब २० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(आ) लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) डिबेन्चर बिक्री खुल्ला अवधि :

यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

(ई) डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :

डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन गर्न लागिएको डिबेन्चरको सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ ।

(उ) डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :

१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यहि बैंकको बिक्री प्रवन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– को दरले हुन आउने रकम बराबरको नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु. ५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

११. सम्बन्धित पक्ष बीचको कारोवार सम्बन्धी विवरण :

कम्पनी र निम्नलिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :

कारोवार नभएको ।

(ख) आधारभूत शेयरधनी :

कारोवार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :
कारोवार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशतवा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :
कारोवार नभएको ।

(ङ) संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको संचालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :
कारोवार नभएको ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :
कारोवार नभएको ।

१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :
सो नभएको ।

१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :

(क) संगठित संस्थाको विगत ३ आ.व.को प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम र अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :

विवरण	न्यूनतम मुल्य	अधिकत्तम मुल्य	अन्तिम मुल्य	कारोवार भएको शेयर संख्या (रु हजारमा)
चौथो त्रैमास २०७५/७६	२५१	२९८	२६६	१४,५६२
तेस्रो त्रैमास २०७५/७६	२०६	२५१	२४९	७,०४३
दोस्रो त्रैमास २०७५/७६	२३८	२५७	२४५	८,००४
पहिलो त्रैमास २०७५/७६	१७७	२५४	२४१	७,५८५
चौथो त्रैमास २०७४/७५	१७५	२५०	१८७	४,५७६
तेस्रा त्रैमास २०७४/७५	१९६	२५१	२२०	४,१६८
दोस्रो त्रैमास २०७४/७५	२४८	३९१	२५०	६,३८५
पहिलो त्रैमास २०७४/७५	३४७	४१८	३७८	५,९६०
चौथो त्रैमास २०७३/७४	३८८	४६०	४०६	१०,९४०
तेस्रो त्रैमास २०७३/७४	२८१	४४५	४२९	१७,१०४
दोस्रो त्रैमास २०७३/७४	–	–	–	–
पहिला त्रैमास २०७३/७४	३६३	४३८	४३८	१८

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूचि मार्फत् जानकारी लिन सकिनेछ ।

(ख) धितोपत्र बोर्डमा विवरणपत्र दर्ताका लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको माशिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :

विवरण	न्यूनतम मुल्य	अधिकतम मुल्य	अन्तिम मुल्य	कारोवार भएको धितोपत्रको संख्या	कारोबार भएको कुल दिन
चैत २०७६	२१२	२४५	२२५	८,००,५४२	६
फाल्गुन २०७६	२४०	२९२	२४४	४३,४२,०६३	१९
माघ २०७६	२३८	२७०	२४३	२७,८३,६९६	२१
पौष २०७६	२१९	२४७	२३९	१२,३२,०६९	२१

मंसिर २०७६	२२१	२३२	२२५	६,९७,२८९	२२
कार्तिक २०७६	२२५	२७२	२२७	१४,२०,४५४	१६
आश्विन २०७६	२५७	२७५	२६५	१०,९२,३२५	१७

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचि मार्फत् जानकारी लिन सकिनेछ ।

१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

यस बैंकले हकप्रद शेयर निष्काशन गर्दा बुझाएको विवरणपत्रमा प्रस्तुत प्रक्षेपित वित्तीय विवरण नेपाल राष्ट्र बैंकको पुरानो कार्य तालिका अनुसार प्रस्तुत गरिएको र हालको वास्तविक वित्तीय विवरण NFRS अनुसार प्रस्तुत गरिएको हुनाले तल उल्लेख गरिएको अंकहरु फरक पर्न गएको व्यवहरा जानकारी गराउदछौ ।

वासलात

रु हजारमा

पूँजी तथा दायित्व	आर्थिक वर्ष २०७४/७५		फरक प्रतिशत (%)	कैफियत
	वास्तविक	प्रक्षेपित		
१. शेयर पूँजी	८,२३३,९४८.५२	८,२३३,९६३.००		
२. जगेडा तथा कोषहरु	४,७४६,७९७.२४	४,३१८,३१९.००	९.९२	
३. डिबेन्चर तथा बन्ड	-	-		
४. तिर्न बाँकि कर्जा सापट	-	-		
५. निक्षेप दायित्व	९७,९६१,८७३.४८	९५,०००,०००.००	३.१२	
६. भुक्तानी दिनुपर्ने विलहरु	४५,८४६.४६	४२,५६१.००	७.७२	
७. प्रस्तावित नगद लाभाँश	-	-		
८. आयकर दायित्व	-	-		
९. अन्य दायित्व	१,५९७,७०१.२२	१,१९७,५८३.००	३३.४१	AC को रकममा परिभाषित कर्मचारी लाभयोजना सम्बन्धी दायित्व साय लामो विदाको लागि भएको व्यवस्या वास्तविक वित्तीय विवरणमा समावेश गरिएको जुन प्रक्षेपितमा संम्लग्न नगरिएको
कुल पूँजी तथा दायित्व	**११२,५८६,१६६.९२**	**१०८,७९२,४२६.००**	**३.४९**	
सम्पत्ति				
१. नगद मौज्दात	१३,१५५,०९०.५२	३,९१७,८४२.००	२३५.७७	
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६,१७२,०४१.०२	६,६५०,०००.००	(७.१९)	
३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	२,२१५,४१०.५१	२,३७५,०००.००	(६.७२)	
४. माग तथा अल्प सूचनामा प्राप्तहुने रकम	-	३,३२५,०००.००	-	
५. लगानी	८,६१७,६४६.३९	१५,७२९,४२६.००	(४५.२१)	
६. कर्जा सापट तथा विल खरिद	७६,१७२,०४०.७१	७१,६८६,३९०.००	६.२६	
७. स्थिर सम्पत्ति	२,१२४,९७४.५०	२,१०४,२००.००	०.९९	
८. गैर बैकिङ्ग सम्पत्ति	-	-		
९. अन्य सम्पत्ति	४,१२८,९६३.२८	३,००४,५६८.००	३७.४२	
कुल सम्पत्ति	**११२,५८६,१६६.९२**	**१०८,७९२,४२६.००**	**३.४९**	

नाफा नोक्सान हिसाव

रु हजारमा

विवरण	आर्थिक वर्ष २०७४/७५		फरक प्रतिशत (%)	कैफियत
	वास्तविक	प्रक्षेपित		
१. व्याज आम्दानी	८२४४५९७.४५१	७,०७२,६६६	(१४.२१)	
२. व्याज खर्च	५४२६५९४.८९५	३,७२३,७१२	(३१.३८)	निक्षेपको व्यजदरमा भएको घटबढको कारणले गर्दा फरक पर्न गएको ।
खुद व्याज आम्दानी	**२८१८००२.५५६**	**३,३४८,९५४**	**१८.८४**	
३. कमिशन तथा डिस्काउन्ट	५४३१७७.४९१	२२७,४८६	(५८.१२)	कमिशन तथा डिस्काउन्ट र अन्य संचालन आम्दानी बीचमा पुर्नवर्गी करण भएको
४. अन्य संचालन आम्दानी	३९५८४४.३०५	४७३,८६८	१९.७१	
५. सटही घटवढ आम्दानी		२०२,६००		
कूल संचालन आम्दानी	**३७५७०२४.३५२**	**४,२५२,९०८**	**१३.२०**	
६.कर्मचारी खर्च	१३४८६३३.८	८९६,०३८	(३३.५६)	NFRS अन्तर्गत वित्तीय खर्चहरु वास्तविक वित्तीय विवरणमा समावेश गरिएको जुन प्रक्षेपित विवरणमा समावेश नभएको
७. अन्य संचालन खर्च	८१८९३६.२३	८७९,३९४	७.३८	
८.सटही घटवढ नोक्सान		-		
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**१५८९४५४.३२२**	**२,४७७,४७६**	**५५.८७**	
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	१५४५५१.२१३	१२०,२०५	(२२.२२)	नगद तथा नगद समान अन्तर्गत नगद तथा ९० दिन भित्र प्राप्त हुने नगद समान सम्पति समेत मा NFRS schedule समावेश भएकोले
सञ्चालन मुनाफा	**१७४४००५.५३५**	**२,३५७,२७१**	**३५.१६**	
१०.गैर सञ्चालन आम्दानी र नोक्सान	३९३५५६.१९	४५,१९१		
११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता		६८८,८६५		
नियमित कारोवारबाट भएको मुनाफा	**१३५०४४९.३४५**	**३,०९१,३२८**	**१२८.९१**	पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च ।
१२.असामान्य कारोवारहरुबाट भएको मुनाफारखर्च		(१२८,४२५)		
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**१३५०४४९.३४५**	**२,९६२,९०३**	**११९.४०**	
१३. कर्मचारी बोनस व्यवस्था		२६९,३५५		

१४. आयकर व्यवस्था	३८३४१४.५	७९८,७१२	१०८.३२	पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च ।
यस वर्षको कर व्यवस्था		५०१,३८८		
यस वर्षको स्थगन कर आम्दानी र खर्च		-		
विगत वर्षसम्मको कर व्यवस्था		२९७,३२४		
खुद नाफा/ (नोक्सान)	**९६७०३४.८४५**	**१,८९४,८३६**	**९५.९४**	

वासलात

रु हजारमा

पूँजी तथा दायित्व	आर्थिक वर्ष २०७५/७६		फरक प्रतिशत	कैफियत
	वास्तविक	प्रक्षेपित	(%)	
१. शेयर पूँजी	८,८९२,६७५	८,८९२,६६५		
२. जगेडा तथा कोषहरु	३,९०७,०७८	५,२९१,३०७	-२६.१६	
३. डिबेन्चर तथा बन्ड	-	१,०००,०००		
४. तिर्न बाँकि कर्जा सापट	-	७७२,४२९		
५. निक्षेप दायित्व	१०५,४८८,५०६	१०६,५००,०००	-०.९५	
६. भुक्तानी दिनुपर्ने विलहरु	-	७७,६३९		
७. प्रस्तावित नगद लाभाँश	-	-		
८. आयकर दायित्व	३५२,९९८	७७१,८१२		
९. अन्य दायित्व	१९,२४५,०८०	२,१६७,३४४		AC को रकममा परिभाषित कर्मचारी लाभयोजना सम्बन्धी दायित्व साय लामो विदाको लागि भएको व्यवस्था वास्तविक वित्तीय विवरणमा समावेश गरिएको जुन प्रक्षेपितमा संम्लग्न नगरिएको
कुल पूँजी तथा दायित्व	**१३७,८८६,३३७**	**१२५,४७३,१९६**	**९.८९**	
सम्पत्ति				
१. नगद मौज्दात	१३,७९२,३३७	२,८३१,२१७	३८७.१५	
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८,०३१,२६९	६,३९०,०००	२५.६८	
३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात	-	१,५९७,५००		
४. माग तथा अल्प सूचनामा प्राप्तहुने रकम	-	१,८५६,७५६		
५. लगानी	१५,००४,२७६	१४,०९६,६७१	६.४४	
६. कर्जा सापट तथा विल खरिद	८९,७५३,१०३	८९,१०५,२२०	०.७३	
७. स्थिर सम्पत्ति	२,३२०,०३१	२,०२९,०८७	१४.३४	

८. गैर बैकिङ्ग सम्पत्ति	-	४६७,८९६		
९. अन्य सम्पत्ति	८,९८५,३२०	७,०९८,८५०	२६.५७	
कुल सम्पत्ति	**१३७,८८६,३३६**	**१२५,४७३,१९६**	**९.८९**	

नाफा नोक्सान हिसाव

रु हजारमा

विवरण	आर्थिक वर्ष २०७५/७६		फरक प्रतिशत	कैफियत
	वास्तविक	प्रक्षेपित	(%)	
१. व्याज आम्दानी	१०,७६५,०६४	१०,३९८,५३१	३.४०	
२. व्याज खर्च	६,३६६,९६६	५,८८२,८३२	७.६०	निक्षेपको व्यजदरमा भएको घटबढको कारणले गर्दा फरक पर्न गएको ।
खुद व्याज आम्दानी	**४,३९८,०९८**	**४,५१५,७००**	**-२.६७**	
३. कमिशन तथा डिस्काउन्ट	७३१,९२४	२८८,९४६	६०.५२	कमिशन तथा डिस्काउन्ट र अन्य संचालन आम्दानी बीचमा पुर्नवर्गी करण भएको
४. अन्य संचालन आम्दानी	२२७,५२९	५१४,१३७	-१२५.९७	
५. सटही घटवढ आम्दानी	३६६,९२४	२९१,१५४	२०.६५	
कूल संचालन आम्दानी	**५,७२४,४७५**	**५,७०९,९३६**	**०.२५**	
६.कर्मचारी खर्च	१५१३०८०	१,३१८,४४२	१२.८६	NFRS अन्तर्गत वित्तीय खर्चहरु वास्तविक वित्तीय विवरणमा समावेश गरिएको जुन प्रक्षेपित विवरणमा समावेश नभएको
७. अन्य संचालन खर्च	१३३५८४७	९४६,३२२	२९.१६	
८.सटही घटवढ नोक्सान		-		
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**२,८७५,५४८**	**३,४४५,१७२**	**-१९.८१**	
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	३७०१३८	६९५,३४५	-८७.८६	नगद तथा नगद समान अन्तर्गत नगद तथा ९० दिन भित्र प्राप्त हुने नगद समान सम्पति समेत मा NFRS schedule समावेश भएकोले
सञ्चालन मुनाफा				
१०.गैर सञ्चालन आम्दानी र नोक्सान	-१५८,६०३	४५,६४५	१२८.७८	
११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता		४४६,२१८		
नियमित कारोवारबाट भएको मुनाफा	**२,३४६,८०७**	**३,२४१,६९०**	**-३८.१३**	पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च ।
१२.असामान्य कारोवारहरुबाट भएको मुनाफा र खर्च		-३९४,५००		
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**२,३४६,८०७**	**२,८४७,१९०**	**-२१.३२**	

१३. कर्मचारी बोनस व्यवस्था	२३४,६८१	२५८,८३५	-१०.२९	
१४. आयकर व्यवस्था	३२८,५३५	६४८,२७२	-९७.३२	पुर्नवर्गीकरणको कारणले गर्दा गैर सञ्चालन आम्दानी तथा नोकसानी असामान्य कारोवारबाट भएको खर्च ।
यस वर्षको कर व्यवस्था	९८१,९४६	७७१,८१२	२१.४०	
यस वर्षको स्थगन कर आम्दानी र खर्च	-६५३,४११	-१२३,५४०	८१.०९	
विगत वर्षसम्मको कर व्यवस्था	-	-		
खुद नाफा/ (नोक्सान)	**१,७८३,५९१**	**१,९४०,०८३**	**-८.७७**	

१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :

(क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्य संग संलग्न बैंक, प्रक्षेपति वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना

- **लेखापरीक्षक :**
  कम्पनीको आ.व. २०७५/७६ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण के.ए.एस एशोसियट्सका, चार्टर्ड एकाउन्टेन्ट्स्ले गरेको छ । उक्त आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन यस विवरण पत्र साथ संग्लन गरिएको छ ।
- **निष्काशन बैंक (Bankers to the Issue) :**
  यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा प्रभु बैंक लिमिटेडलाई तोकिएको छ ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी आफैं रहेको छ ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा MGS & ASSOCIATES Chartered Accountants, का श्री ध्रुव अधिकारीज्यू रहनु भएको छ ।

(ख) माथि खण्ड (क)मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :

- **लेखापरीक्षक :**
  लेखापरीक्षकले बैंकको आ.व. २०७५/७६ को लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- **निष्काशन बैंक (Bankers to the Issue):**
  फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नहोस भन्ने समेत उद्देश्यले निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक **(Bankers to the Issue)** मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहनेछ ।

१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीयश्रोतहरु प्रयोग गरिएको छ/छैन, तत् सम्बन्धी विवरण :

सो नभएको ।

१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :

सो नभएको ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :

सो नभएको ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :

सो नभएको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :
सो नभएको ।

१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंमा श्री रुपेश कार्कीलाई ०१–४४११६०४ मा सम्पर्क गर्न सकिन्छ ।

१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :
सो नभएको ।

२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "प्रभु बैंक डिबेन्चर २०८४" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ:

(अ) ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु :
ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा छ ।

(आ) ऋणपत्रको अवधि (Maturity Period) :
यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट ८ (आठ) वर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(इ) निष्काशन गरिने ऋणपत्रको रकम :
आठ वर्ष अवधि तथा वार्षिक १० प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/– अंकित मूल्यका ८ लाख डिबेन्चरले हुन आउने कुल रु. ८० करोड ऋणपूँजी रकम (५% अर्थात ४०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्टयाईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा १२ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब २० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

(ई) ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :
यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ८ (आठ) वर्षको अवधि पश्चात एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(उ) ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र व्याज भूक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :
यस ऋणपत्रको वार्षिक व्याजदर १०% हुनेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम ऋणपत्र बाहकहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम त्रैमास (आश्विन मसान्त), दोश्रो त्रैमास (पौष मसान्त), तेश्रो त्रैमास (चैत्र मसान्त) र चौथो त्रैमास (आषाढ मसान्त) समाप्त भए पश्चात प्रचलित आयकर ऐन, अनुसार आयकर कट्टा गरी भुक्तानी दिइनेछ । बैंकको कारणले व्याज भुक्तानीको विषयमा भएको व्यवस्थाको पालना नभए बैंकलाई थप आर्थिक दायित्व लागु हुन सक्नेछ । तर बन्द, हडताल, कफर्यु, लगायत कुनैपनि किसिमका दैवी प्रकोपका कारणले बैंकले भुक्तानी दिन नसकेमा बैंक जिम्मेवारी हुनेछैन । बैंकले यस ऋणपत्रबाट आर्जित व्याज रकम ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रबालाले तोकेको खातामा भुक्तानी गर्नेछ ।

(ऊ) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :
बैंकले ऋणपत्रलाई निर्धारित ८ वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि "ऋणपत्र भुक्तानी जगेडा कोष" (Debenture Redemption Reserve) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा बैंकको भुक्तानी योग्य मुनाफाबाट ऋणपत्र निष्काशन भएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेका अन्य आर्थिक वर्षमा प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक रुपमा वा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकान्तर गर्नेछ । बैंकले कुनै आर्थिक वर्षमा चाहेअनुरुप नाफा आर्जन गर्न नसकेमा समेत सो कोषमा रकमान्तर गर्नुपर्ने रकम सञ्चित मुनाफाबाट छुट्टयाउनेछ ।
नोट : ऋणपत्रको अवधिमा बैंकको नाफा नोक्सान हिसाबबाट ऋणपत्र निष्काशन भएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेकका अन्य आर्थिक वर्षमा प्रत्येक वर्ष वार्षिक समानुपातिक रुपमा रु ३३,३३,३३,३३३.३३/- को दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ ।

बैंकले आ.व. २०७६/७७, २०७७/७८, २०७८/७९ मा नाफा नोक्सान हिसाबबाट रकमान्तर गर्ने ऋणपत्रको, "ऋणपत्र भुक्तानी जगेडा कोष" को विवरण देहाय बमोजिम रहेको छ ।

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९
ऋणपत्र भुक्तानी जगेडा कोष			
१०.२५% प्रभु बैंक डिबेन्चर–२०८६	१००,०००,०००	१००,०००,०००	१००,०००,०००
प्रभु बैंक डिबेन्चर २०८४*	–	३३३,३३३,३३३.३३	३३३,३३३,३३३.३३

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

(ए) **ऋणपत्रवालाहरुको अधिकार :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण:**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge), अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम चैत मसान्त २०७६ मा रु. १.१८ खर्ब रहेको छ ।

(ग) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता** (Trustee Deed) **का प्रमुख बुँदाहरु:**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप मिति २०७६/०८/११ मा सम्झैता भई निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

(अ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ ।

(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :

यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे वापत वार्षिक रु. १०,०००/- (अक्षेरुपी दश हजार रुपैंयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।

(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागमा श्री सुमेश बहादुर पाण्डेलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । श्री पाण्डेको एम.बि.एस. सम्मको शैक्षिक योग्यता र करिव ३ बर्ष भन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ ।

(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।

(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :

ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ ।

(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :

ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :

ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :

ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ । ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी, काठमाडौं रहेको छ ।

(ओ) अन्य :

- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने ।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :

सो नभएको

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :

- ऋणपत्र जारी गर्नुको उद्देश्य बैंकले आफ्नो पूँजी संरचना वृद्धि गर्नु र पुरक पूँजी आवश्यकतालाई पूर्ति गर्नु रहेको छ ।

(च) जारी पूँजी चुक्ता भए/नभएको :

जारी पूँजी सम्पूर्ण चुक्ता भएको ।

(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको बिवरण

१) १०.२५% प्रभु बैक डिबेन्चर २०८६ को विवरणः

नाम :	१०.२५% प्रभु बैक डिबेन्चर २०८६
व्याज :	१०.२५% वार्षिक व्याजदर, ६/६ महिनामा भुक्तानी गरिने
प्रकार :	Unsecured and Redeemable at Maturity. No call / convertible feature
संख्या :	१०,००,०००(दश लाख मात्र)
ऋणपत्रको प्रति शेयर मुल्य :	रु १०००
डिबेन्चर अवधि :	१० वर्ष

(ज) नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु

नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्ननुसार रहेका छन् ।

१) कुनै पनि सुरक्षण नराखी "प्रभु बैंक डिबेन्चर २०८४" निष्काशन गर्नुपर्ने ।

२) ऋणपत्रको अवधि ८ वर्षको हुने ।

३) ऋणपत्रको वार्षिक व्याजदर १० प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने व्याज ३/३ महिनामा भुक्तानी गर्नुपर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा "प्रभु बैंक डिबेन्चर २०८४" को भुक्तानी निक्षेपकर्ता भन्दा पछिमात्र हुने ।

५) "प्रभु बैंक डिबेन्चर २०८४" जारी भएको मितिले बढीमा ३ महिना भित्रमा नेपाल स्टक एक्सचेन्चमा सूचीकृत गर्नुपर्ने ।

६) प्रभु बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने ।

७) "प्रभु बैंक डिबेन्चर २०८४" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।

८) डिबेन्चरको रकम भुक्तानी गर्न प्रयोजनको लागि बैंकको वार्षिक मुनाफाबाट उक्त बण्ड निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेकका छ वर्षमा समानुपातिक (Proportionate) आधारमा रु २०० करोड बराबरको रकम भुक्तानी कोष Capital Redemption Reserve को व्यवस्था गर्नुपर्ने । साथै नाफा अवस्थामा मुनाफाबाट छुट्याउनुपर्ने रकम व्यहोर्ने श्रोत स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।

९) Private Placement को आधारमा बिक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

(झ) अन्य :

- यो ऋणपत्र प्रभु बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।
- ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान : बैंकले यस ऋणपत्रबाट आर्जित व्याज रकम ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकिएको खातामा भुक्तानी गर्नेछ ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्र बाहकलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन ।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cumulate गर्ने विशेषता नरहेको ।
- निष्काशित जम्मा रु. २,००,००,००,०००/-(रु. दुई अर्ब मात्र) ऋणपत्र मध्ये रु. १,२०,००,००,०००/-(रु एक अर्ब बीस करोड मात्र) बरावरको ऋणपत्र व्यक्तिगत तवरबाट र रु. ८०,००,००,०००/-(रु. असी करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ । एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधिभित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेको छ ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :

सो नभएको ।

२२. अन्य सामान्य जानकारी :

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ । यस वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गर्ने विशेषज्ञ श्री के.एस.एण्ड एशोसियट्सका सि.ए. श्री राजेश कुमार शाह रहनु भएको छ ।

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:

नाम	पद	विवरण	लागू मिति
श्री शंकर प्रसाद कालिकोटा	संचालक	प्रभु क्यापिटल लिमिटेडमा १ १/२ बर्ष महाप्रबन्धक पदमा रहेर काम गरेको, भिवोर क्यापिटल लिमिटेडमा २ बर्ष प्रमुख कार्यकारी पदमा रहेर काम गरेको र नेपाल विकास बैंकमा ९ बर्ष भन्दा बढि नायव प्रवन्धक पदमा रहेर काम गरेको ।	२०७४/०५/१८
श्री अन्जु अधिकारी	संचालक	नेपाल राष्ट्र बैंकमा ८ बर्ष सहायक निर्देशक र २ बर्ष उपनिर्देशक पदमा रहेर काम गरेको।	२०७५/०१/१९

लेखापरिक्षक परिवर्तन भएको कारण : Shyam Karki & Co. को ३ बर्ष करार अवधि पुरा भएको र हाल K.A.S. Associates लाई नियुक्त गरिएको ।

(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :

नाम : श्री अमित भण्डारी
ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा., वडा नं. १०
हालको ठेगाना : महालक्ष्मी ५, ललितपुर ।
योग्यता : वि.एल.

(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :

बैंकको मिति २०७६/०३/१९ मा सम्पन्न १५१ औं संचालक समितिको निर्णयबमोजिम बैंकले ऋणपत्र निष्काशन गर्न लागेको हो ।

(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :

सो नभएको ।

(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको कर्पोरेट कार्यालय– बबरमहल, काठमाडौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं नेपाल स्थित कार्यालय ।

(छ) ऋणपत्र, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति ऋणपत्र रु. १,०००।– अङ्कित मूल्य (Par Value) का कुल ८,००,००० कित्ता ऋणपत्र संख्याको ५% अर्थात ४०,००० कित्ता ऋणपत्रहरु सामूहिक लगानी कोषको निम्ती छुट्याएर सुरक्षित राखिएको छ । यसरी छुट्याइएको ऋणपत्र सामूहिक लगानी कोष नियमावली, २०६७ वमोजिम बाँडफाँड गरिनेछ ।

(ज) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । बैंकको कुनै पनि संचालकहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ ।

(झ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गर्न लागिएको ऋणपत्रको बिक्री वितरणका लागि सि-आस्वा (C-ASBA) सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्था मार्फत आवेदन दिन सक्नेछन् ।

(ञ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक- श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ ।

(ट) सकारात्मक पक्षहरु :

- दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।
- स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
- गाह्रकहरुलाई सहज तथा सरल कर्जा तथा अन्य सेवा प्रदान गर्दै आएको ।

(ठ) धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ ।

(ड) धितोपत्रको क्रेडिट रेटिङ्ग :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई CARE RATINGS NEPAL LIMITED ले Moderate Credit Risk जनाउने "CARE-NP BBB[Triple B]" ग्रेडिङ्ग मिति २०२०/०१/२९ मा प्रदान गरेको छ । । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमानै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम रूपमा सुरक्षित मानिन्छ । जोखिमको दृष्टीमा यस्ता उपकरणहरु मध्यम कर्जा जोखिम भएको मानिन्छ । साथै यस बैंकलाई ICRA NEPAL LIMITED ले Moderate Credit Risk जनाउने "[ICRANP - IR] BBB" (pronounced ICRA NP Issuer Rating Triple B) ग्रेडिङ्ग मिति २०२०/०७/०७ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा मध्यम कर्जा जोखिम रहने संस्थाको रुपमा लिइन्छ ।

२३. संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

क्र.सं.	नाम	पद	दस्तखत
१	श्री देवी प्रकाश भट्टचन (संस्थापक शेयरधनी समूह क बाट)	अध्यक्ष	
२	श्री पुष्प बहादुर प्रधान (संस्थापक शेयरधनी समूह क बाट)	सञ्चालक	
३	श्री अम्बिका शर्मा लामिछाने (संस्थापक शेयरधनी समूह क बाट)	सञ्चालक	
४	श्री रमेश सिंह खडका (संस्थापक शेयरधनी समूह क बाट	सञ्चालक	
५	श्री शंकर प्रसाद कालिकोटा (सर्वसाधारण शेयरधनी समूह ख बाट)	सञ्चालक	
६	श्री अञ्जु अधिकारी (सर्वसाधारण शेयरधनी समूह ख बाट)	सञ्चालक	
७	श्री ऋषिराम गौतम	स्वतन्त्र सञ्चालक	

२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रतिः

NABIL INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Naroyanchour
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

मिति : २०७९/१०/१७

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।

महोदय,

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ११, बबरमहलमा रजिष्टर्ड कार्यालय रहेको प्रभु बैंक लिमिटेडले निष्काशन गर्न लागेको कुल २०,००,००० कित्ता ऋणपत्र (८,००,००० कित्ता सार्वजनिक निष्काशन तथा १२,००,००० कित्ता व्यक्तिगत तवर (Private Placement) बाट) अंकित मूल्य रु. १,०००/– कायम गरी निष्काशन तथा बिक्री प्रबन्धकत्वमा रहेर सेवा दिन हामी मञ्जुर गर्दछौं। ऋणपत्रको निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।
४. कम्पनीले निष्काशन गर्न लागेको ऋणपत्रका लागि आवेदन दिने आवेदकहरुलाई ऋणपत्र सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट
नाम : सचिन्द्र ढुंगाना
पद : प्रमुख राञ्चालन अधिकृत

सही :

कार्यालयको छाप :

NABIL INVEST NAXAL KATHMANDU

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्रः

M.G.S. & Associates
Chartered Accountants

a member firm of ASNAF Group & SBC Global Alliance
ASNAF
SBC Global Alliance

प्रभु बैंक लिमिटेडको

वित्तीय प्रक्षेपणको

पुनरावलोकन प्रतिवेदन

हामीले प्रभु बैंक लिमिटेडका यसै साथ संलग्न आ.व. २०७६।७७ को अनुमानित, २०७७।७८ देखी २०८५।८६ को वित्तीय प्रक्षेपणको पुनरावलोकन गरेका छौं। संलग्न वित्तीय प्रक्षेपणहरु निम्न आधारमा तयार गरिएका छन् :

१। कम्पनीको आ.ब. २०७५।७६ सम्मको लेखापरिक्षण गरिएका वित्तीय विवरणहरु तथा कम्पनीको वर्तमान अवस्था,
२। आ.व २०७६।७७ को चैत्र मसान्तको लेखापरिक्षण हुन बाँकी वित्तीय विवरणहरु तथा संस्थाले गरेको प्रगति,
३। कम्पनीको आ.व. २०७६।७७ को स्वीकृत बजेट तथा अनुमानित प्रगती,
४। कम्पनीद्वारा हामीलाई उपलब्ध गराइएका सूचना तथा स्पष्टीकरणहरु,
५। कम्पनीले अवलम्बन गरेको लेखा नीती,
६। संम्लग्न टिप्पणीमा उल्लेख गरिएका प्रक्षेपणका मुख्य मान्यताहरु,
७। तथा बैंकले भविष्यको लागी तर्जुमा गरेको व्यवसायिक कार्ययोजना ।

कम्पनीको भविष्यको वास्तविक वित्तीय नतिजा प्रक्षेपित आंकडाहरुसंग मिल्दो जुल्दो रहने कुरा प्रक्षेपणका आधारहरु तथा मान्यताहरुमा आउने परिवर्तनमा भर पर्नेछ। संलग्न वित्तीय प्रक्षेपण कम्पनीको रु २ अरब बराबरको "१० % प्रभु बैंक डिवेन्चर २०८४ " निष्काशन गर्ने प्रयोजनको लागि प्रकाशित हुने विवरण पत्रमा समावेश गरिने तथ्य हाम्रो जानकारीमा छ।

M.G.S. & ASSOCIATES Kathmandu Chartered Accountants

सिए. ध्रुव अधिकारी
मिति : २०७७।०२।३०
स्थान : काठमाण्डौं